# सानिमा माई हाइड्रोपावर लिमिटेड
## विक्रम सम्वत् २०७९ साल कार्तिक महिना २ गते बुधबार
## स्मार्ट दरबार व्यान्क्वेट, धुम्बाराही, काठमाण्डौमा सम्पन्न भएको
## एघारौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

१. **पृष्ठभूमि :**

सानिमा माई हाइड्रोपावर लिमिटेडको एघारौं वार्षिक साधारण सभा मिति २०७९ साल कार्तिक महिनाको २ गते तद्नुसार १९ अक्टोवर, २०२२ मा स्मार्ट दरबार व्यान्क्वेट, धुम्बाराही, काठमाण्डौमा सम्पन्न भएको थियो । कम्पनी सचिवले कम्पनीका सञ्चालकहरू, प्रत्यक्ष तथा विद्युतिय माध्यमबाट उपस्थित शेयरधनीमहानुभावहरू तथा आमन्त्रित वर्ग र कम्पनीका पदाधिकारिहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई एघारौं वार्षिक साधारण सभामा स्वागत गर्नु भयो । साधारण सभाको अध्यक्षता कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूले गर्नु भए पश्चात सभा सञ्चालन भएको थियो । साधारण सभामा सभा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो भने कम्पनी व्यवस्थापनको तर्फबाट यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला माई नगरपालिका स्थित माई (२२ मे.वा.) तथा माई क्यास्केड (७ मे.वा.) जलविद्युत आयोजना सम्बन्धी बस्तुस्थितिका साथै कम्पनीले शेयर पूँजीमा लगानी गरेको विभिन्न कम्पनीका जलविद्युत आयोजनाहरूको निर्माण प्रगतिको जानकारीका लागि पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गरियो । यस पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरू उपर छलफल गरी प्रस्तावहरू पारित गरिएको थियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषय सूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको २:०० बजे सभा समापन भएको थियो ।

(क) <u>सभाको सूचना तथा प्रकाशन</u> :

यस कम्पनीको सञ्चालक समितिको मिति २०७९ साल भाद्र २० गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस एघारौं वार्षिक साधारण सभाको जानकारीका लागि २०७९ साल भाद्र २४ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक तथा आश्विन ५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा दोस्रो पटक र आयोजना स्थल इलाम जिल्लाबाट प्रकाशित हुने इलाम पोष्ट दैनिक पत्रिकामा कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गर्नुका साथै सभा सम्बन्धी सूचना एफ.एम. उज्यालो रेडियो नेटर्वक ९० मेघाहर्जमा विभिन्न पटक प्रशारण गरिएको थियो साथै उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेवसाईट **<u>www.maihydro.com</u>** मा पनि राखिएको थियो ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**(ख) उपस्थिति :**

**(अ) सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री टेकराज निरौला | सञ्चालक/अध्यक्ष |
| श्री खेमराज लामिछाने | सञ्चालक-सदस्य |
| श्री तुक प्रसाद पौडेल | सञ्चालक-सदस्य |
| श्री भरत कुमार पोखरेल | सञ्चालक-सदस्य |
| श्री हितमान गुरूङ्ग | सञ्चालक-सदस्य |
| श्री सिमरन कुमारी भिमसरीया | सञ्चालक-सदस्य |
| श्री महेश घिमिरे | सञ्चालक-सदस्य |

**(आ) पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री गृष्म ओझा | महाप्रबन्धक |
| श्री जयन्तकुमार रेग्मी | प्रबन्धक/कम्पनी सचिव |
| सुश्री निशा कुम्पाख | स. प्रबन्धक (वित्त) |
| श्री क्रान्त श्रेष्ठ | स. प्रबन्धक (वित्त) |

**(इ) विभिन्न निकायका पदाधिकारी/ प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री विष्णु प्रसाद पौडेल | प्रतिनिधि कम्पनी रजिष्ट्रारको कार्यालय |
| श्री शशि सत्याल | प्रतिनिधि, केपिएफ टि.आर. उपाध्याय, चार्टड एकाउन्टेन्ट |
| श्री भिष्मराज चालिसे | प्रतिनिधि, सानिमा क्यापिटल लिमिटेड |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - १९५ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - २३७ जना |
| ३. जम्मा उपस्थिति संख्या | - ४३२ जना |

**(ग) एघारौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

१. एघारौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षककों प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७८/७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले सिफारिस गरे बमोजिम कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७८/०७९ को वितरण योग्य खुद मुनाफाबाट चुक्ता पूँजीको ५.२६३२% नगद लाभांश (कर सहित) वितरण गर्ने ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

५. सञ्चालक समितिको बैठक भत्ता वृद्धि गर्ने ।

६. विविध ।

(घ) <u>गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :</u>

| विवरण | निष्काशित शेयर संख्या र शेयरधनी | स्वयम उपस्थित | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता | ३,०८,९२,५१० | ८०,२५,६६६ | ८९,५४,५६८ | १,६९,८०,२३४ | ५४.९७ % |
| शेयरधनी संख्या | ४९,८११ | १९५ | २३७ | ४३२ | ०.८७ % |

२. <u>सभाको वैधानिकता :</u>

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीहरू स्वंयम वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको एघारौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वंयम तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ४३२ भएको र कूल बाँडफाँड भएको ५४.९७ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्बन्धमा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूको अध्यक्षतामा कम्पनीको एघारौं वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवलाई अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

३. <u>सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :</u>

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भए पछि साधारण सभाका अध्यक्ष श्री टेकराज निरौलाज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नु भयो । साथै कम्पनीका सहायक प्रबन्धक सुश्री निशा कुम्पाखज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला माई नगरपालिका स्थित माई जलविद्युत आयोजना (२२ मे.वा.) तथा माई क्यास्केड जलविद्युत आयोजना (७ मे.वा.) को हालको वस्तुस्थिति, मर्मत सम्भारका कार्यहरू, विद्युत उत्पादन तथा आम्दानी, कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यका साथै यस कम्पनीद्वारा शेयर पूँजीमा लगानी गरिएको विभिन्न कम्पनीहरूका निर्माणाधिन जलविद्युत आयोजनाहरूको निर्माण प्रगतिको जानकारीका लागि कम्प्यूटर पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरिक्षण प्रतिवेदन सहितको २०७९ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७८/७९ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । कम्पनीका निम्न

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको आ-आफ्नो राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेकोछ :

**(अ) श्री चन्द्र नारायण श्रेष्ठ**

कम्पनी बलियो हुँदै गएको छ र नाफाको दर समेत बढ्दै गएको छ, तसर्थ लाभांश पनि बढ्नु पर्‍यो । गत वर्षको तुलनामा आम्दानी बढेतापनि लाभांश घट्नु उचित भएन । कम्पनीको क्षमता अनुसार कम्तीमा पनि १०% लाभांश दिनु पर्ने हो । सञ्चालकहरूको भत्ता वृद्धिदर बढी भयो यसमा कम गरियोस । सानिमा हाइड्रोपावरलाई गाभ्ने हालको प्रक्रियाका सम्बन्धमा जानकारी पाउँ ।

**(आ) श्री सत्रुघन श्रेष्ठ**

सञ्चालकको भत्ता मात्र नभई लाभांशमा पनि वृद्धि गरिनु पर्यो । आगामी वर्ष कम्तीमा १५ % लाभांश दिने व्यवस्था होस । आर्थिक तथा वित्तिय अवस्था राम्रो भएनुसारको लाभांश दिने गर्नु होस । शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश बापतको रकम सम्बन्धित शेयरधनीहरूलाई उपलब्ध गराउने उचित व्यवस्था गरियोस । कम्पनीको खर्चमा आर्थिक मितव्ययिता अपनाइयोस ।

**(इ) श्री अमृत नाथ रेग्मी (विद्युतिय माध्यमबाट उपस्थित)**

जलविद्युत आयोजना निश्चित अवधि पश्चात सरकारलाई हस्तान्तरण हुने भएकोले अन्य आयोजना विकासमा लगानी गर्नु कम्पनीको राम्रो रणनीति हो । सरकार संग समन्वय गरी आफुले निर्माण तथा सञ्चालन गरेका आयोजनाहरू पुनः आफैले सञ्चालनका लागि पहल गर्नु उपयुक्त हुन्छ । कम्पनीको बैंक कर्जाको साँवा तथा व्याज रकम नियमित रूपमा भुक्तानी भैरहेकोमा धन्यवाद छ । RoR Project ले constant energy नदिने हुँदा यस कम्पनीले Storage वा Semi storage आयोजना, बहुउद्वेश्यीय आयोजनाहरूको निर्माणमा लाग्ने बेला भैसकेको छ । आयोजनाको ५०% कर्जा भुक्तानी भइसकेको हुँदा Lead बैंकसंग समन्वय गरी व्याजदर न्यूनतम गर्न पहल गर्नु पर्‍यो ।

**(ई) श्री उद्धव प्रसाद घिमिरे**

सञ्चालकको भत्ता मात्र बढाउने तर शेयरधनीलाई न्यून ५% मात्र लाभांश दिने नीति उचित भएन । आम्दानी तथा मुनाफाको तुलनामा लाभांश कम दिनुको कारण स्पष्ट पारी दिनु होला । सञ्चालन खर्चमा मितव्ययिता अपनाईयोस । यस कम्पनीले लगानी गरेका अन्य कम्पनीहरूको आयोजनहरूबाट प्राप्त हुने लाभका बारेमा एवं कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चका सम्बन्धमा प्रतिवेदनमा उल्लेख गरियोस । शेयरधनीहरूले बुझिलिन बाँकी रहेको रकम सिघ्रातिसिघ्र प्राप्त गर्ने गरी सूचना गरिदिनु होला । इच्छुक सर्वसाधारण शेयरधनीहरूलाई पनि आयोजना स्थलको भ्रमण गराइयोस ।

**(उ) श्री डमरू वल्लभ घिमिरे**

यो कम्पनी सञ्चालन, व्यवस्थापन तथा पारदर्शीताको हिसावले उत्कृष्ट सूचिकृत कम्पनीमा पर्दछ । कम्पनीले जगेडा पुंजीबाट अन्य आयोजना विकासमा लगानी गर्ने मनसायले यस वर्ष ५% मात्र लाभांश दिनु उचितनै रहेको छ । नयाँ आयोजना निर्माणका लागि हकप्रद शेयर जारी गर्नु पर्दछ । IPPAN जस्ता संस्थाको पहलमा आयोजना सञ्चालनको अवधि ५० वर्ष गराउन पहल गर्नु पर्दछ । खर्च कम गर्नु भनेको नाफा कमाउनु भएकोले खर्च मितव्ययितालाई प्राथमिकता दिनु पर्दछ । अन्त्यमा कम्पनीको सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।



SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**(ऊ) श्री शिव प्रसाद पौडेल**

समयमानै साधारण सभा गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । कम्पनी तथा यसका सञ्चालनमा रहेको आयोजनाहरू एवं अन्य जलवद्युत आयोजनाहरूमा गरेको लगानी विस्तार आदिका सम्बन्धमा शेयरधनीहरूको जानकारीका लागि श्रव्य-दृष्यको माध्यमबाट प्रस्तुतिकरण गरिदिनु भएकोमा पनि धन्यवाद छ । यस वर्ष १७ % सम्म लाभांश दिन सक्ने अवस्था हुँदा हुँदै पनि ५% मात्र दिनु भएकोमा गुनासो रहेको छ । गत वर्षनै १० % प्रतिशत लाभांश दिएकोमा सो भन्दा कम नहोस । शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकमका सम्बन्धमा कम्पनी तथा शेयर रजिष्ट्रारको वेवसाईटमा नाम सहितको सूचना राखिदिनु होला । साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

**(ऋ) श्री कृष्ण प्रसाद अधिकारी**

कम्पनी नेपाल स्टक एक्सचेन्जको वर्गिकरणमा A वर्गमा पर्नु राम्रो कुरा हो । कम्पनीको वार्षिक प्रतिवेदनमा वित्तिय विवरणहरूलाई पनि सबैले बुझ्ने नेपाली भाषामा राखियोस । यसमा सञ्चालकहरूको याग्यता तथा ०.५ % भन्दा बढी शेयर हुने शेयरधनीहरूको सूची पनि समावेस गरियोस । प्रतिवेदन पुस्तिकामा धेरै खर्च नगरौ सामान्य भए पनि हुन्छ । लाभांश दिंदा कम्तीमा दुई अंकमा आओस ।

**(ए) श्री सुनिल उदास**

यस कम्पनी प्रति हामी शेयरधनिहरूको अपार विश्वास र सदभाव रहेको छ । जलविद्युत आयोजनाका लागि विगतमा सरकारले गरेको प्रतिवद्धता अनुसारको प्रति मे.वा. ५० लाख अनुदान बापतको रकम र सूचिकृत दर बापतको बाँकी रकम प्राप्त गर्नका लागि संस्थागत रूपमा आवश्यक पहल गरियोस । यस वर्ष हामी लगानीकर्ताहरूको अपेक्षा अनुरूपको प्रतिफल आएन, न्यून लाभांश घोषणाका कारण शेयरको बजार मूल्यमा समेत ह्रास आएको छ । कम्पनीको लाभांश नीति स्पष्ट भएन तसर्थ समग्र शेयरधनीहरूको हित संरक्षण गर्ने उद्देश्य सहितको लाभांश नीति अवलम्बन गरियोस । यस वर्ष शेयरधनीहरूलाई बैंक व्याजदर भन्दा धेरै थोरै लाभांश घोषणा गरेको अवस्थामा सञ्चालन समितिको भत्तामा शतप्रतिसतले बढाउने प्रस्ताव सारै असान्दर्भिक र नैतिक रूपमा अमिल्दो भयो । आगामी ३ वर्षका लागि कम्पनीको लाभांश नीति र योजना के हुन्छ स्पष्ट पारिदिनु होला । यस कम्पनीको लगानी जलविद्युत क्षेत्रमा मात्र केन्द्रित भयो जसले जोखिम बढाउँदछ र जलविद्युत आयोजन निश्चित अवधि पश्चात सरकारलाई हस्तान्तरण हुने हुँदा कानून बमोजिम अन्य क्षेत्रमा समेत लगानी विस्तार गरिनु पर्दछ ।

**(ऐ) श्री लवराज जोशी**

अधिकतम् शेयरधनीहरूलाई सहज हुने स्थानमा साधारण सभाको आयोजना गर्नु पर्दछ, यस विषयलाई आगामी वर्षका लागि ध्यान जाओस । कम्पनी माथिको विश्वासका आधारमा यस कम्पनीको शेयरमा लगानी भएको हुँदा क्षमता अनुसार दुई अंकमा लाभांश दिनु पर्नेमा ५% मात्र दिनु न्यायोचित भएन । विशेष रूची राख्ने शेयरधनीहरूलाई आयोजना स्थलको भ्रमण गर्ने व्यवस्था गरियोस । शेयरधनीहरूको सुझावलाई पनि कम्पनीको नीतिमा समावेस गरियोस । लेखापरीक्षण प्रतिवेदन आगामी १२ औं साधारण सभा देखि सबैले बुझ्ने नेपाली भाषामा प्रकाशित गरियोस ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

(ओ) श्री इन्द्र कृष्ण श्रेष्ठ

सानिमा माई हाइड्रोपावर आर्थिक र वित्तिय रूपमा राम्रो कम्पनी भएतापनि सो अनुरूपको लाभांश वितरण नभएकोमा खेद व्यक्त गर्दछु । साधारण सभाको लागि यो स्थान उपयुक्त भएन यसमा शेयरधनीहरूको सहजतालाई दृष्टिगत गरियोस । कम्पनीले अन्य विभिन्न जलविद्युत आयोजना प्रवर्द्धनमा लगानी गर्नु उचित छ तर साना लगानीकर्ताको हितलाई पनि ध्यान राख्नु पर्दछ । वार्षिक प्रतिवेदन छपाउन धेरै खर्च नगरौ सामान्य भए पनि हुन्छ ।

(औ) श्री अजित कुमार खनाल (विद्युतिय माध्यमबाट उपस्थित)

बैंक कर्जाको व्याज दर Fixed हो की Floting हो र Borrowing Cost के हो जानकारी पाउँ । सानिमा हाइड्रोपावर लि.लाई यस कम्पनीमा गाभ्भने कुरा के हो, उक्त कम्पनीले बोनस शेयर जारी गरे पश्चात मर्जर हुने हो भने सो पश्चात ९० करोडको शेयर थपिने देखिन्छ । यस सम्बन्धमा स्पष्ट जानकारी पाउँ ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनीका महाप्रबन्धक श्री गृष्म ओझाज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

**श्री गृष्म ओझा - महाप्रबन्धक**

आजको यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावज्यूहरूले मन्तव्यको क्रममा राख्नु भएको अमुल्य सुझावहरूका लागि धन्यवाद दिंदै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा कम्पनीका महाप्रबन्धकज्यूले निम्नानुसार प्रष्ट पार्नु भयो ।

- यस वर्ष मुनाफा वृद्धि भएतापनि लाभांस ५% मात्र सिफारिस गर्नुको कारणका सम्बन्धमा भन्नु पर्दा यस कम्पनीले रू. ५० करोड लगानी प्रतिवद्धता जनाएको "जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.)" को विद्युत खरिद बिक्री सम्झौता (PPA) हुने समय निश्चित भई नसकेको तर निकट भविष्यमा हुने प्रवल सम्भावना रहेकोले सो पश्चात तत्काल आयोजना निर्माणमा लैजानु पर्ने भएकोले सोको लगानीको लागि जगेडा राख्नु परेको हो ।
- वित्तिय प्रतिवेदनमा उल्लिखित आम्दानी मध्येको सूचिकृत दर बापतको बाँकी रू. २८ करोड रकम प्राप्त भई सकेको छैन ।
- त्यसै गरी बैंकिङ्ग क्षेत्रमा वर्तमान समयमा चरम तरलता अभाव रहेको हुँदा, सम्पूर्ण मुनाफा रकम वितरण गर्दा नयाँ आयोजना निर्माणलाई अगाडी बढाउन कठिन हुने देखिएकोले केहि रकम जगेडामा राखि न्युनतम मात्र लाभांश प्रस्ताव गरिएको हो ।
- जलविद्युत आयोजना २४ घण्टा चल्ने र उच्च प्राविधिक हुने र प्राकृतिक प्रकोपको कारण समेतको जोखिम रहेकोले आयोजनामा कुनै क्षति भएको खण्डमा सोको तत्काल मर्मत सम्भारमा खर्च गर्नु पर्ने र हाल बैंकिङ्ग क्षेत्रमा तरलता अभाव रहेको हुँदा सोको जोखिम कम गर्न समेत कम्पनीले केहि रकम जगेडामा राख्नु पर्ने बाध्यता रहेको छ । तसर्थ तरलता संकटको वर्तमान अवस्थाको अन्त्य भए पश्चात हालको जगेडा समेत लाभांशकै रूपमा शेयरधनीहरूलाईनै वितरण हुने छ ।
- सञ्चालकहरूको भत्ता वृद्धि सम्बन्धी प्रस्तावका सम्बन्धमा भन्नु पर्दा, आयोजना सञ्चालनमा आईसकेको र आवश्यक नीति, नियम तथा निर्देशिकाहरूको समेत निर्माण गरिसकिएको हुँदा, यस कम्पनीमा धेरै बैठकको आवश्यकता नहुने र वार्षिक ६ देखी १० वटा सम्म मात्र बैठक हुने भएकोले भत्ता बापत ठुलो रकम खर्च हुने गरेको छैन । पाँच वर्ष अघि निर्धारण

गरिएको बैठक भत्ता हाल सम्म कायम रहेका र भत्ता प्रत्येक वर्ष नबद्ने हुँदा यसमा समय सापेक्ष वृद्धिका लागि प्रस्ताव गरिएको हो ।

- सञ्चालनमा रहेका आयोजनाको बैंक कर्जाको व्याजदरका सम्बन्धमा २०८० सालको पौष महिना सम्मका लागि व्याजदर स्थिर रहेको छ भने सो पश्चात् सम्बन्धित बैंकहरूसँग वार्ता गरी उचित व्याजदर निर्धारणका लागि पहल गरिनेछ ।
- सानिमा हाइड्रोपावर लि.लाई यस कम्पनीमा गाभ्ने सम्बन्धमा भन्नु पर्दा कम्पनीको छैठौं र सातौं वार्षिक साधारण सभाबाट प्राप्त अख्तियारीको अधिनमा रही प्रारम्भिक प्रकृया अगाडी बढाईएको सम्बन्धमा जानकारी मात्र गराईएको हो । दुबै कम्पनीको Due Diligence Audit (DDA) लगायतका कार्य सम्पन्न गरी कम्पनी गाभ्न उपयुक्त देखिएमा गाभ्ने सम्बन्धमा अन्तिम निर्णयका लागि कम्पनीको विशेष वा वार्षिक सधारणसभामा प्रस्ताव पेश गरिने नै छ ।
- यस सभा मार्फत शेयरधनी महानुभावहरूबाट प्राप्त सल्लाह सुझावका लागि धन्यवाद दिन चाहन्छौं साथै उपयुक्त तथा व्यवहारिक सुझावहरूलाई आत्मसाथ गरी आगामि दिनमा लागु गर्दै कम्पनीलाई सक्षम रूपमा अगाडी बढाउँदै लैजाने प्रतिवद्धता जनाउँदछौं ।

४. **सभाको निर्णयहरू :**

निर्णयार्थ एघारौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गऱ्यो :

१. **एघारौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री टेकराज निरौलाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका जिज्ञासाहरूका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७८/७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको २०७९ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७८/७९ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

३. **लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०७९/८० को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्ने लेखापरीक्षक संस्था PKF T.R. Upadhya & Co., Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. १,९५,०००/-(अक्षरेपी एक लाख पन्चान्नब्बे हजार मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारीस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०७९/८० को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।



SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**४. सञ्चालक समितिले सिफारिस गरे बमोजिम कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७८/०७९ को वितरण योग्य खुद मुनाफाबाट चुक्ता पूँजीको ५.२६३२% नगद लाभांश (कर सहित) वितरण गर्ने ।**

सञ्चालक समितिले सिफारिस गरे अनुसार यस एघारौ वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७८/०७९ को वितरण योग्य खुद मुनाफाबाट चुक्ता पूँजीको ५.२६३२ प्रतिशतले हुने रू. १६,२५,९२,१५८/- (अक्षरेपी सोह्र करोड पच्चीस लाख बयान्नब्बे हजार एक सय अन्ठाउन्न रूपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**५. सञ्चालक समितिको बैठक भत्ता वृद्धि गर्ने ।**

यस कम्पनीको छैठौं वार्षिक साधारण सभाले निर्धारण गरेको सञ्चालक समितिको बैठक भत्तामा समय सपेक्ष रूपमा वृद्धि गर्नु पर्ने देखिएकोले हाल कायम प्रति बैठक प्रति सञ्चालक रू. ४,०००/- बाट वृद्धि गरी प्रति बैठक प्रति सञ्चालक सदस्य रू. ८,०००/- (अक्षरेपी आठ हजार मात्र) र सञ्चालक/अध्यक्षका हकमा प्रति बैठक रू. १०,०००/- (अक्षरेपी दश हजार मात्र) गर्ने साथै सञ्चालक समितिद्वारा गठित उपसमितिका सदस्य सञ्चालकहरूलाई प्रति सञ्चालक प्रति बैठक रू. ८,०००/-(अक्षरेपी आठ हजार मात्र) गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**६. विविध ।**

विविध विषय अर्न्तगत कुनै छलफल तथा निर्णय भएन ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस एघारौ वार्षिक साधारण सभा **विसर्जन** भएको घोषणा गर्नु भयो ।

SANIMA MAI HYDROPOWER LIMITED
Sanima SMH
KATHMANDU

| | |
|---|---|
| ........................ | ........................ |
| जयन्तकुमार रेग्मी | टेकराज निरौला |
| कम्पनी सचिव | अध्यक्ष |